# निषिद्ध ... निषिद्ध

डा. बेन्जु शर्मा

निषिद्ध नदीहरू छन्
घाटहरूले बाँधिएका
निषिद्ध पोखरीहरू छन्
बार र छेकाबारले बेरिएका
निषिद्ध बाटाहरू छन्
जेब्राक्रसभित्र बाँधिएका
निषिद्ध सामाजिक नियमहरू
निषिद्ध न्यायिक, धार्मिक, आर्थिक कानुनहरू
प्रस्तरफलकमा पद्मासनमा
डेग नगली बसेका
निषिद्धका नियमहरू
पालना गर्दागर्दै
ज्वालामा जलेर
खरानी भएर
चेतना विचेत भएर
मरेका इच्छा, आकाङ्क्षा, लालसा, मोह
लास भएर लडेको शरीर
स्वतन्त्रतामाथि प्रहारहरू
सहजतामाथि अंकुशहरू
स्वाभाविकतामाथि ठिंगुराहरू
वसन्त कुन बेला आयो र गयो
कोइली कुन बेला कुहुकुहु गऱ्यो ?
कुन बेला फूलहरू सुनबुट्टा भएर फुले ?
कुन बेला सुवासहरू हावामा उडे ?

अत्तरका सिसीहरू बन्द छन्
फूलबुट्टे सुनहरू सेफभित्र छन्
कोइलीको चित्र मात्र भित्तामा छ
सजीवताहरू जन्मदै निर्जीव भए
यसलाई आहूति भएको थाहा भएन
कुनबेला कसरी जल्यो शरीर
बलि चढाइएको आकाङ्क्षालाई थाहा भएन
कसरी र कति बग्यो रगत
कसरी काम्यो त्रास
निषिद्धताको तटबन्धनभित्र बाँधिदा
के के हत्या भयो
लाशहरूको चाँगमाथि बसेर
पूर्व इतिहासको उत्खनन गरिरहेछ स्मृति
कुन कुन वैज्ञानिक पद्धति र आधारले
विश्लेषित हुन सक्छ

कुन कुन केमिकल टेस्टले
प्रमाणित गर्न सक्छ
इतिहासका गल्लीहरू
अपाङ्ग सोचहरू
शवदाहमा जल्दै गरेकी युवती
हात उठाउँदै नारा लगाउँछे
"च्यातिदेओ अमिला पिनाका
कुहिएका कानुनहरू
भत्काइदेओ तिम्रा पङ्गु
पोलियो लागेका नियमहरू"

निषिद्धको गिद्ध र चील ठुँगाइमा
मरेका साना, प्यारा, नरम युवाका चल्लाहरू
लाई लागेर मरेका मुलायम मुनाहरू
उम्रँदै ओइलाउनु पर्ने
निषिद्ध नियमका नियतिले श्रापित
मनोकाङ्क्षाहरू मनोभावहरू
बाल्यावस्थामै गेरुवस्त्र बेह्रिएका
दमित इच्छाहरू
परेडका पाइतालाले
गह्रुङ्गा बुटहरूले कुल्चिएर
अनेकौं लात्तीहरूका प्रहारले हिर्काएर
दलिएका, मरेका दूबोहरू
लाटो बनाइएका
बोली बन्द भएका सालिकहरू
उमाल्दा उमाल्दा शक्ति खोले बनेर, गलेर
हाडहरू मक्किएका मान्यताहरू
निरर्थक जिउनुको लाश घिच्याइमा
दमित इन्द्रियहरूको पासो कस्साइमा

यसरी
कुहिरो जस्तै फुस्सामा फुस्किएको जीवन
आइसक्रिम जस्तै जिब्रोमा बिलाएको जीवन
लागूसेवन जस्तै निद्रामा मूर्च्छित जीवन
बादल जस्तै हावामा हराएको जीवन
निरर्थक, निरर्थक, निषिद्ध निषिद्ध जीवन !!